# बालबालिकामाथि भइरहेको दुर्व्यवहार विरुद्ध ध्यानाकर्षण पत्र

हामी नेपालमा बालबालिकाको अधिकारको संरक्षणका सवालमा विगत दुई दशक भन्दा लामो समयदेखि निरन्तर पैरवी गर्दै आइरहेका संघीय गणतान्त्रिक नेपालको सातै प्रदेशका प्रतिनिधिहरु हाल बालिका, किशोरी र यौनिक अल्पसंख्यक बालबालिकाहरुमाथि भइरहेको दुर्व्यवहारका घटनाका विषयमा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं :

- नेपालका शहर, गाउँ, सबै प्रदेश जसोबाट पछिल्लो समय दिनहुँ बालिका, किशोरी तथा यौनिक अल्पसंख्यक बालबालिकाहरुमाथि बलात्कार, यौन दुर्व्यवहार, दुर्व्यवहार, हत्या, यौनाङ्ग बन्ध्याकरण जस्ता समाचारका कारण हामी गम्भीर भएका छौं । हाम्रा अबोध बालिकाहरुले आत्मसम्मानका साथ स्वतन्त्र पूर्वक बाँच्न पाउने अधिकार र संविधानले ग्यारेन्टी गरेको मौलिक हक समेत अनुभव गर्न नपाएको हामीले महसुस गरेका छौं । तसर्थ हामी नेपाल सरकारलाई बालिका, किशोरी र यौनिक अल्पसंख्यक बालबालिकाहरुमाथि भइरहेको यस्ता घटनाहरु विरुद्ध तत्काल कडा र प्रभावकारी कदम चाल्न, सुरक्षित वातावरण निर्माण गर्नका लागि हार्दिक आग्रह गर्दछौं ।
- बालबालिकाहरुले विना कुनै रोकतोक र डरत्रास सुरक्षित र सहज जीवनयापन गर्न पाउनु उनीहरुको मौलिक अधिकार हो । त्यसका निम्ति बाल संरक्षण प्रणालीको विकास स्थानीयस्तरसम्मै हुनुपर्ने हाम्रो ठम्याई रहेको छ । तर हाल राज्यको पुनर्संरचनापश्चात स्थानीयस्तरमा बालबालिकाको संरक्षणका निम्ति कुनैपनि प्रकारको संयन्त्र, प्रक्रिया नभएको कारण यस्ता गम्भीर घटनाहरु बढी रहेको हामीले पाएका छौं । तसर्थ स्थानीय स्तरमा बालबालिकाको अधिकारको संरक्षणको निम्ति शुन्य सहनशीलताको नीति लिई आवश्यक प्रणालीको तत्काल विकास गरी लागु गर्नका निम्ति हामी नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं । साथै हामी नागरिक समाज बालबालिकाको अधिकारको संरक्षणका लागि हातेमालो गर्न प्रतिबद्ध रहेको पनि अवगत गराउन चाहन्छौं ।
- संघीय, प्रादेशिक र स्थानीय तिनै तहको सरकारले बालबालिकाको संरक्षणका लागि बाल संरक्षण प्रणालीको विकास गर्दै स्थानीय, प्रादेशिक र संघीय स्तरमा गरिने बजेट विनियोजनमा अनिवार्य बाल अधिकार र बालबालिकाको संरक्षणका कार्यक्रमहरुलाई अगाडि सारियोस् भन्ने हाम्रो आग्रह छ ।
- हामी नेपाल सरकारलाई आफ्नो मातहतका सम्पूर्ण संरचना, प्रणालीहरुलाई बालबालिका विरुद्द दुर्व्यवहार र शोषणका घटना हुन नदिन र प्रभावकारी कार्यका निम्ति कडा निर्देशन दिई आवश्यक पहलकदमी लिनु हुन हार्दिक अपिल गर्दछौं । स्थानीयस्तरबाटै बालबालिकाको संरक्षणको विषयमा जनचेना अभिवृद्धि गर्न हामी नागरिक समाज सदैव नेपाल सरकारको साथमा रहेको पनि जानकारी गराउन चाहन्छौं ।

प्रादेशिक प्रतिनिधित्व :

प्रदश नं. १ प्याग नेपाल

प्रदेश नं. २ आसमान नेपाल

प्रदेश नं. ३ सिविन नेपाल, चेन्ज नेपाल, सिडव्लुयस मकवानपुर, बालविकास समाज, चाइल्ड नेपाल, स्वतन्त्रता अभियान, युम्स नेपाल, शक्ति समूह, कन्सर्न सोसाइटी नेपाल, सिविस, उइ फर चेन्ज, लु निभाः बाल सरोकार समूह,

प्रदेश नं. ४ सिजप कास्की, जागृती बाल तथा युवा सरोकार नेपाल,

प्रदेश नं. ५ इन्द्रेणी समाज केन्द्र, सिविन, वेस

प्रदेश नं. ६ स्याक नेपाल

प्रदेश नं. ७ सिडीसी डोटी,

संघ :- ब्लुडाइमन सोसाइटी, एन.सि.एफ.एल.जी फोरम, कन्सोर्टियम नेपाल, एन. सि.इ. नेपाल, एन.ए.पि.टि.एन., इन्क्लुसीभ एजुकेसन, प्लान इन्टरनेशनल नेपाल, शिक्षा पत्रकार समूह, सेभ द चिल्ड्रेन, एनएसीजि नेपाल, टिडीएच जर्मनी, एस.डि.जी. स्टुडीयो, नेपाल युथ नेटवर्क फर एस.डि.जी., सिनेट, ग्लोबल मार्च, सि.आर.सी.पी., सिजप,